पाँचखपन नगरपालिका, संखुवासभा

# स्थानीय राजपत्र

खण्डः २ | संख्याः ११ | मितिः २०८०/०३/०३

## भाग-२

## पाँचखपन नगरपालिकाको सूचना

### पाँचखपन नगरपालिकाको कर्मचारी तहबृद्धि सम्बन्धी कार्यविधि,२०८०

**प्रस्तावना:** पाँचखपन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय साथै यस मातहतका सम्पूर्ण कार्यलयमा कार्यरत कर्मचारी र कार्यालयको प्रभावकारी व्यवस्थापन मार्फत सेवा प्रवाहलाई सुदृढ एवम् प्रभावकारी बनाउन तथा स्थानीय सेवालाई सक्षम, सेवामूलक, सुशासनमुखी, उत्तरदायी, सहभागितामूलक र व्यावसायिक बनाउँदै स्थानीय सेवाको गठन सञ्चालन र सेवाका शर्त सम्बन्धमा तत्काल कानूनी व्यवस्था गरी पाँचखपन नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि गर्न वाञ्छनीय भएकोले, कोशी प्रदेशले जारी गरेको "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८०" को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी पाँचखपन नगर कार्यपालिकाले यो कार्यविधि तयार गरी लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "**पाँचखपन नगरपालिकाको कर्मचारी तह बृद्धि सम्बन्धी कार्यविधि,२०८०**" रहेको छ।

(२) यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अख्तियारवाला" भन्नाले स्थानीय सेवामा नियुक्ति, पदस्थापन र अवकाशको निर्णय गर्ने अधिकारी सम्झनुपर्छ।

(ख) "प्रमुख" भन्नाले पाँचखपन नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ।

(ग) "अध्यादेश" भन्नाले कोशी प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० सम्झनुपर्छ।

(घ) "उपप्रमुख" भन्नाले पाँचखपन नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ।

(ङ) "कर्मचारी" भन्नाले पाँचखपन नगरपालिकामा कार्यरत संघीय तथा प्रदेश सरकारबाट पाँचखपन नगरपालिकामा खटी आएका साथै समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई आएका र नगरपालिकामा जुनसुकै तवरले कार्यरत स्थायी, अस्थायी, सेवा करार (करार सेवा) सेवाका कर्मचारीलाई समेत सम्झनुपर्छ।

(च) "कार्यपालिका" भन्नाले पाँचखपन नगर कार्यपालिका सम्झनुपर्छ।

(छ) "कार्यपालिका सदस्य" भन्नाले पाँचखपन नगर कार्यपालिकाको सदस्य सम्झनुपर्छ र सो शब्दले कार्यपालिकाको उपप्रमुख तथा वडा अध्यक्ष समेतलाई जनाउँछ।

(ज) "नगरपालिका" भन्नाले पाँचखपन नगरपालिका सम्झनुपर्छ।

(झ) "तह वृद्धि" भन्नाले अध्यादेशको दफा ४, ८ र २८ बमोजिम गरिने तह वृद्धिलाई सम्झनुपर्छ।

(ञ) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनुपर्छ।

(ट) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोगलाई सम्झनुपर्छ।

(ठ) "वडा समिति" भन्नाले पाँचखपन नगरपालिकाको वडा समिति सम्झनुपर्छ।

(ड) "वडा अध्यक्ष" भन्नाले पाँचखपन नगरपालिकाको विद्यमान वडाहरुको वडा अध्यक्षलाई सम्झनुपर्छ।

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पाँचखपन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(त) "मन्त्रालय" भन्नाले स्थानीय तहहरुले संघीय सरकार वा प्रदेश सरकार समक्ष सम्पर्क गर्न तोकिएको तत्-तत् मन्त्रालय सम्झनुपर्दछ।

(थ) "सभा" भन्नाले पाँचखपन नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ।

(द) "सम्बन्धित निकाय" भन्नाले प्रचलित कानूनद्धारा तोकिएका संघीय सरकार, प्रदेश तथा सरकार स्थानीय सरकार सम्वद्ध सरकारी संयन्त्रलाई सम्झनुपर्छ।

**३. <u>तह वृद्धि गर्नुपर्ने:</u>** (१) नगरपालिकामा कार्यरत योग्यता पुगेका स्थायी कर्मचारीको तह वृद्धि गर्नुपर्नेछ।
(२) उपदफा (१) बमोजिम तह वृद्धि सम्बन्धी कार्य दफा ४ बमोजिमको समितिले गर्नुपर्नेछ।

**४. <u>तह वृद्धि सिफारिस समिति:</u>** (१) नगरपालिकामा कार्यरत कर्मचारीको तहवृद्धि गर्न देहाय बमोजिमको एक तह वृद्धि सिफारिस समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

(ख) नगर कार्यपालिकाले तोकेको एक जना महिला सहित दुई जना वरिष्ठ कर्मचारी -सदस्य

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा नगर कार्यपालिकाले तोकेका बाहेकका तह वृद्धि हुने सम्भाव्य उम्मेद्वार बाहेकका कर्मचारीलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ।

(३) उपदफा (१) बमोजिम समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिका पदाधिकारीहरुले नगरपालिकामा गठित अन्य समितिका सदस्यहरुले पाए सरहको बैठक भत्ता पाउनेछन्।

५. **तह वृद्धि सिफारिस समितिको काम, कर्तव्य र अधिकार:** (१) तह वृद्धि सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) तह वृद्धि प्रयोजनका लागि अध्यादेश बमोजिमको कार्यतालिका निर्धारण गर्ने,

(ख) आवेदन पेश गर्नका लागि सूचना प्रकाशित गर्ने,

(ग) पेश भएका कागजातको अध्ययन तथा विश्लेषण गर्ने,

(घ) अध्यादेशको दफा ४ को उपदफा (५) र दफा ८ को उपदफा (१६) बमोजिमको योग्यता पुगेका कर्मचारीको तह वृद्धिका लागि निर्णय गर्ने,

(ङ) अध्यादेशको दफा २८ बमोजिमको योग्यता पुगेका कर्मचारीको तह वृद्धिका लागि निर्णय गर्ने,

(च) तह वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह वृद्धिको लागि कार्यालय समक्ष सिफारिस गर्ने,

(छ) तह वृद्धिका सम्बन्धमा कुनै दुविधा भएमा प्रदेश लोक सेवा आयोगसँग परामर्श गर्ने,

(ज) तह वृद्धि कार्यलाई व्यवस्थित र अनुमान योग्य बनाउन आवश्यक योजना निर्माण गरी कार्यालय समक्ष सिफारिस गर्ने ।

६. **सूचना प्रकाशित गर्नुपर्ने:** (१) तह वृद्धिको लागि आवेदन गर्न सात दिनको म्याद राखी दरखास्त आव्हान सम्बन्धी सूचना प्रकाशित गर्नुपर्नेछ ।

(२) अध्यादेशको दफा ४(५), ८(१६) र दफा २८ को कार्यान्वयनको लागि प्रत्येक वर्षको ज्येष्ठ महिना र मंसिर महिनाको अन्तिम हप्तामा सम्भाव्य उम्मेद्वारहरुको जानकारीका लागि १५ (पन्ध्र) दिनको म्याद दिई दरखास्त आव्हान सम्बन्धी सूचना प्रकाशित गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको सूचना नगरपालिकाले आफ्नो सूचना पाटीमा, सवै वडा कार्यालयहरुको सूचना पाटी, विषयगत शाखाहरुको सूचना पाटी र गाउँपालिकाको वेवसाईटमा समेत प्रकाशित गर्नु पर्नेछ ।

७. **दरखास्त दिनुपर्ने:** (१) दफा ६ बमोजिम प्रकाशित सूचनाको म्याद भित्र तह वृद्धिका लागि इच्छुक सम्भाव्य उम्मेद्वारले अनुसूची-१ बमोजिमको ढाँचामा तह बृद्धि सिफारिस समिति समक्ष देहायका प्रमाण संलग्न राखी दरखास्त दिनु पर्नेछः

(क) अनुसूची- २ बमोजिमको निवेदन,

(ख) शुरु नियुक्ति सम्बन्धी कागजात,

(ग) बढुवा भएको भए सो सम्बन्धी कागजात,

(घ) सेवा अवधि प्रमाणित भएको कागजात

(ङ) समायोजन भएको भए सो सम्बन्धी कागजात,

(च) सेवाकालीन तालिम लिएको भए सो को कागजात,

(छ) भौगोलिक क्षेत्रमा सेवा गरेको सम्बन्धी कागजात,

(ज) पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको सक्कल प्रति,

(झ) सेवा समूहसँग सम्बन्धित न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको उम्मेद्वार स्वयंले प्रमाणित गरेको प्रति,

(ञ) सेवा निरन्तर रहेको, विभागिय कार्वाहीमा नपरेको, असाधारण विदामा नबसेको,

(ट) पेशा सम्बन्धी ब्यवसायिक परिषदले उपलब्ध गराउने पदमा रहेको भए सो परिषदले उपलब्ध गराउने प्रमाण पत्रको उम्मेदवार स्वयंले प्रमाणित गरेको प्रति ।

(ठ) समितिले तोके बमोजिमका अन्य कागजात ।

८. **जाँचबुझ सम्बन्धी ब्यवस्थाः** (१) दफा ७ बमोजिम दर्ता भएका दरखास्त तथा कागजात प्रमाणहरु दफा ४ बमोजिमको समितिले जाँचबुझ गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा कुनै उम्मेदवारको तह बृद्धिका लागि आवश्यक पर्ने आधारभूत कागजात वा प्रमाण नपुगेको देखिएमा बढिमा ३ (तीन) दिनको समय दिई छुटेका कागजात प्रमाण पेश गर्न समय दिनु पर्नेछ। तर, उम्मेदवारले छुटेका कागजात पेश गर्दा दरखास्त दर्ता गर्ने अन्तिम मिति भित्र जारी भएका कागजात वा प्रमाण मात्र पेश गर्न सक्नेछन। दरखास्त दर्ता गर्ने अन्तिम मिति पछि जारी भएका कागजात वा प्रमाणहरुलाई समितिले मान्यता दिनुहुदैन।

९. **सिफारिस गर्नुपर्नेः** (१) दफा ८ बमोजिम कागजातको जाँचबुझ तह बृद्धिको सूचना को म्याद सकिएको ७ दिन भित्र पुरा गरि तह वृद्धि गर्न योग्यता पुगेका उम्मेद्वारलाई समितिले तह वृद्धिको लागि नगरपालिका समक्ष सिफारिस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस गर्दा कर्मचारीले तह वृद्धि हुनु पूर्वको पदमा भएको स्थायी वा बढुवाको नियुक्ति अनुसारको शैक्षिक योग्यता, सेवाकालीन तालिमलाई आधार मानी क्रम निर्धारण गरी सिफारिस गर्नुपर्नेछ।

१०. **तह वृद्धिका लागि सम्भाव्य उम्मेद्धार हुन नपाउने वा तह वृद्धि रोक्का हुने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ४ बमोजिमको समितिले कर्मचारीलाई तह वृद्धिको लागि सिफारिस गर्ने छैनः

(क) निलम्बन भएकोमा निलम्वन भएको अवधिभर,

(ख) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(ग) तलव वृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधिभर,

(घ) सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

(ङ) असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर,

(च) स्थानीय स्वास्थ्य सेवाका कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषद्बाट नाम दर्ता निलम्वन भएको भए त्यस्तो निलम्वनको अवधिभर ।

११. **<u>तह वृद्धि सम्बन्धी विशेष व्यवस्था:</u>** (१) अध्यादेशको दफा ८ (१४) बमोजिम चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय गरी नियुक्तिपत्र दिनेछ ।

(२) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम निजामती सेवा वाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष पूरा गरेका पाँचौं, सातौं र नवौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रक्रिया पूरा गरी क्रमशः छैटौं, आठौं र दशौं तहमा एक तह बृद्धि गरिनेछ ।

(३) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम अधिकृत स्तर सातौं र नवौं तहका पदहरुमा दफा २९ को प्रक्रिया पूरा गरी अध्यादेशमा तोकिए बमोजिमको बढुवा समितिले बढुवा गर्नेछ ।

(४) संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्धारा स्थानीय सेवाको छैटौं तहको पदमा सिफारिस भई नियुक्ति भई सकेका कर्मचारीलाई स्थानीय सेवाको सातौ तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरी दिने । यसरी सातौ तह कायम गर्नु पूर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्नु पर्नेछ ।

(५) कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानीय तहमा समायोजन भई समायोजनका बखत तह बृद्धी को सुविधा नलिई पाँचखपन नगरपालिकामा समायोजन भई आएका साथै सम्बन्धित पदमा ५ बर्ष सेवा अवधी पुगेका सम्पुर्ण सेवा, समूहका स्थायी कर्मचारीहरु लाई अध्यादेशको दफा २८ को प्रकृया पुरा गरी एक तह बृद्धी गरिनेछ ।

(६) अन्यन्त्र जे सुकै कुरा लेखिएको भएता पनि स्वास्थ्य सेवा बाट स्थानिय सेवामा समायोजन भई आएका कर्मचारीकहरु को हकमा स्वास्थ्य सेवा ऐन २०५३ को दफा ९(१) बमोजिम स्तरबृद्धी हुनुपर्ने ब्यवस्था भए अनुसार स्तर बृद्धी नलिएका र यो अध्यादेश लागुहुँदाका बखत एकै तहमा ५ बर्ष सेवा अबधी पुगेका पाँचखपन नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरु लाई एक पटकका लागी एक तह स्तर बृद्धी गरिनेछ।

(७) यो कार्यबिधि बमोजिमको तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिनेछ ।

१२. **<u>तह वृद्धि सम्बन्धी पत्र दिनुपर्ने:</u>** (१) यस कार्यविधि बमोजिम तह वृद्धि वा बढुवा भएका कर्मचारीलाई समितिले सिफारिस गरेको ७ दिनभित्रमा अनुसूची-२ बमोजिमको ढाँचामा तहवृद्धि वा बढुवा सम्बन्धी पत्र दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको तहवृद्धिको पत्र दिँदा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश कितावखाना, प्रदेश लोक सेवा आयोग, नगरपालिकाको प्रशासन शाखा, आर्थिक प्रशासन शाखा समेतलाई वोधार्थ दिनु पर्नेछ।

१३. **<u>तह वृद्धि भएका कर्मचारीको सेवा, सुविधा:</u>** (१) यस कार्यविधि बमोजिम तहवृद्धि भएका कर्मचारीले तहवृद्धि वा बढुवा लागू हुने मितिबाट मात्र तहवृद्धि वा बढुवा भएको मितिबाट मात्र सेवा सुविधा प्रास गर्नेछन्।

(२) तहवृद्धि वा बढुवा भएका कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

(३) तहवृद्धि वा बढुवा भएका कर्मचारी सेवा निवृत्त हुँदा उपदान वापतको सेवा सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

१४. **ज्येष्ठता कायमः** तह बृद्धी हुने कर्मचारीको अध्यादेशको दफा २८ को उपदफा २ बमोजिम प्रत्येक आर्थिक बर्षको माघ १ गते र श्रावण १ गते बाट जेष्ठता कायम हुनेछ ।

१५. **उजुरी, गुनासो र पुनरावेदनः** (१) तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा प्रदेश लोक सेवा आयोगबाट निर्णय सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र उजुरी, गुनासो र पुनरावेदन गर्न सकिनेछ।

(२) उपदफा १ बमोजिम प्राप्त निवेदनका सम्बन्धमा प्रदेश लोक सेवा आयोगबाट प्राप्त राय प्रतिकृया वा निवेदन उपर भएको निर्णय नगरपालिका र निवेदक दुवै पक्षलाई मान्य हुनेछ र उक्त राय, प्रतिकृया वा निर्णयको कार्यान्वयन गर्नु नगरपालिका र निवेदक दुवैको कर्तब्य हुनेछ ।

१६. **जानकारी दिनुपर्नेः** (१) यस कार्यविधि बमोजिम नगरपालिकाले गरेको तह वृद्धिको जानकारी तह वृद्धिको निर्णय भएको मितिले १५ दिन भित्रमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोक सेवा आयोगलाई दिनुपर्नेछ।

(२) तह वृद्धि भएका कर्मचारीहरुको विवरण स्थानीय राजपत्रमा समेत प्रकाशन गर्नुपर्नेछ।

१७. **सचिवालयः** तह वृद्धि सम्बन्धी सिफारिस समितिको सचिवालयको रुपमा नगरपालिकाको प्रशासन शाखाले गर्नेछ।

१८. **अभिलेख राख्ने सम्बन्धी ब्यवस्थाः** यस कार्यविधि बमोजिम तहबृद्धि हुने कर्मचारीहरुको अभिलेख नगरपालिकाले दुरुस्त रुपमा राख्नु पर्नेछ साथै सरोकारवाला निकायहरुबाट माग भएको बखत तत्काल उपलब्ध गराउनु पर्नेछ।

१९. **कार्यविधिमा संशोधनः** यो कार्यविधिमा परिमार्जन गर्नु परेमा नगर कार्यपालिकाले प्रदेश लोक सेवा आयोगसँग आवश्यक परामर्श गरी संशोधन गर्न सक्नेछ।

२०. **बाधा अड्काउ फुकाउन सक्नेः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

२१. **प्रचलित कानून बमोजिम हुनेः** यो कार्यविधिमा लेखिएको कुराको हकमा सोही बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ। कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्चन फुकाउन सक्नेछ।

## अनुसूची-१

(दफा ६ सँग सम्बन्धित)

तह बृद्धिका लागि सूचना

पाँचखपन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

वाना, संखुवासभा

कोशी प्रदेश, नेपाल

पत्र संख्याः

चलानी नम्बरः

मितिः......./...../.......

तह बृद्धि प्रयोजनार्थ आवेदन दिने सम्बन्धी सूचना

कोशी प्रदेश द्धवारा जारी "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८०" मा गरिएको कर्मचारीहरुको तह बृद्धी सम्बन्धी व्यबस्थालाई व्यबस्थित र पार्दर्शी बनाउन प्रदेश लोक सेवा आयोगको परामर्श पस्चात नगरकार्यपालिका बाट जारी गरिएको पाँचखपन नगरपालिकाको कर्मचारी तहबृद्धि सम्बन्धी कार्यविधि,२०८० बमोजिम कर्मचारीहरुको तह बृद्धि गर्ने प्रयोजनार्थ तह बृद्धि हुने पद भन्दा एक तह मूनिको पदमा पाँच बर्ष सेवा अवधी पुरा भएका तथा कोशी प्रदेशद्वारा जारी अध्यादेश तथा नगरपालिका द्धवारा जारी कार्यबिधि बमोजिम न्युनतम योग्यता पुगी बिद्यामान कानुन बमोजिम स्तर बृद्धी नभएका पाँचखपन नगरपालिकामा कार्यरत कर्मचारीहरुले तपशिल बमोजिमको कागजात संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस नगर कार्यपालिकाको कार्यालयमा दर्खास्त पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

पेश गर्नुपर्ने कागजातहरुः

(क) अनुसूची-२ बमोजिमको निवेदन,

(ख) शुरु नियुक्ति सम्बन्धी कागजात,

(ग) बढुवा भएको भए सो सम्बन्धी कागजात,

(घ) सेवा अवधि प्रमाणित भएको कागजात

(ङ) समायोजन भएको भए सो सम्बन्धी कागजात,

(च) सेवाकालीन तालिम लिएको भए सो को कागजात,

(छ) भौगोलिक क्षेत्रमा सेवा गरेको सम्बन्धी कागजात,

(ज) पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको सक्कल प्रति,

(झ) सेवा समूहसँग सम्बन्धित न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको उम्मेद्वार स्वयंले प्रमाणित गरेको प्रति,

(ञ) सेवा निरन्तर रहेको, विभागिय कार्वाहीमा नपरेको, असाधारण विदामा नवसेको स्व घोषणा,

(ट) पेशा सम्बन्धी व्यवसायिक परिषदले उपलब्ध गराउने पदमा रहेको भए सो परिषदले उपलब्ध गराउने प्रमाण पत्रको उम्मेदवार स्वयंले प्रमाणित गरेको प्रति ।

**प्रमुख प्रशासकीय अधिकृत**

अध्यक्ष (तह बृद्धि सिफारिस समिति)

अनुसूची-२

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**<u>तहबृद्धि आवेदन फारम</u>**

मितिः ...../....../......

श्री अध्यक्षज्यू,
तह वृद्धि सिफारिस समिति,
पाँचखपन नगरपालिका, संखुवासभा।

विषय: तह वृद्धि गरि पाउँ ।

प्रस्तुत विषयमा यस नगरपालिकाको तह वृद्धि सिफारिस समितिको मिति .................................. गतेको सूचना अनुसार म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिम देहाय बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तोकिए बमोजिमका कागजात संलग्न राखी निवेदन पेश गरेको छु।

हालसालै खिचेको पासपोर्ट साईजको फोटो

दर्ता नं-
दर्ता मिति-

१.सूचनाको विवरण:

तहबृद्धिको सूचना नं-..................... ......... मिति-..................................
सेवा/समुह -............................ तहबृद्धि हुने तह-.............................

२.उम्मेदवारको विवरण:

उम्मेदवारको नाम/थर(देवानागीमा )-..............................................
उम्मेदवारको नाम/थर(अंग्रेजी ठूलो अक्षरमा)........................................
ठेगाना -.......................................... कार्यालय-............................................सेवा-......................
समुह /उपसमुह-..................................,पद-........................................(हालको) ,संकेत न-..........................
सम्पर्क नं ....................................
बाबुको नाम-..........................................
आमाको नाम-

३. हाल कार्यरत पद सम्बन्धी विवरण:

| क्र. सं. | पदको नाम/तह/सेवा/समूह | कार्यालयको नाम | नियुक्ति वा बढुवा मिति | बहाल रहेको मिति | | असाधारण विदा बसेको भए | | हालको पदमा(खुल्ला,बढुवा,समायोजन,सरुवा) | स्थायी नियुक्ति गर्ने कार्यालय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | देखि | सम्म | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| | | | | | | | | | |

**४. तहबृद्धिका लागि योग्य भए/नभएको अवस्था :-**

(क) विभागीय कार्वाही भएको/नभएको........., भएको भए कुन कारवाही भएको ........... र कार्वाही सकिने अवधि उल्लेख गर्नुहोस...........।

(ख) स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा २८ बमोजिम तहबृद्धि हुने पदका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको/नगरेको .....................।

(ग) असाधारण र अध्ययन विदा बसेको /नबसेको ................, बसेको भए अवधि उल्लेख गर्नुहोस......।

(घ) निलम्बनमा परे/नपरेको .......................।

(ङ) पेशासँग सम्बन्धित ब्यवसायी परिषदको प्रमाण पत्रको अवधि..................।

(च) माथी उल्लेखित विवरण ठिक छ । झुट्टा ठहरे कानुन बमोजिम सहँला बुझाउँला भनि सहिछापा गर्ने ।

कर्मचारीको नाम/थरः

..............................

पद/तहः ..........................

संकेत नं.................................

**५. सेवा अवधि र कार्यसम्पादन मूल्याङ्कनको विवरण :-**

(क) आवेदक कर्मचारीले समायोजन हुनु पूर्व/समायोजन पश्चात/ नियुक्ति पछि गरि हालको तहमा पुरा गरेको सेवा अवधि ............... वर्ष..............महिना...........दिन ।

क) आवेदक कर्मचारीको पछिल्लो तीन वर्षको कार्यसम्पादन मुल्याङ्कन वापत प्राप्ताङ्क र सो को औषत —

अ) आ.व. ................/.......................को प्राप्ताङ्क ....................................

आ) आ.व. ................./........................... को प्राप्ताङ्क .................................

इ) आ.व. ..................../.............................. को प्राप्ताङ्क ............................

औषत प्राप्ताङ्क ................................................

ख) स्थानीय सेवा(गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा २८ को उपदफा १ तथा तहबृद्धि सम्बन्धि कार्यविधि, २०८० को दफा ७ को उपदफा १ बमोजिम न्यूनतम योग्यता र मापदण्ड पूरा गरेको देखिएकोले निजलाई हाल कार्यरत तहबाट सोही सेवा,समूह/उप समूहमा एक तहबृद्धि गर्ने निर्णय गरियो।

निर्णय मिति- ..........................

तहबृद्धि निर्णय लागु हुने मिति-.......................

तहबृद्धि हुने तह-...........................

सेवा -....................................

समूह/उप समूह-................................

पद-.....................................

| | | |
|---|---|---|
| ............................. | ......................... | ..................................... |
| सदस्यः | सदस्यः | संयोजकः |
| नाम/थर............ | नाम/थर...................... | नाम/थर....................... |
| पद-.................. | पद-............................ | पद............................ |
| संकेत नं | संकेत नं | संकेत नं |

**अनुसूची -३**

(दफा ९ को उपदफा १ संग सम्बन्धित)

कार्यालयको लेटर हेड

मितिः......../...../.....

विषय- तहबृद्धि सम्बन्धमा ।

महाशय,

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा ............बमोजिम तपाईलाई यस कार्यालयको मिति ............. को निर्णय अनुसार मिति ......................देखि ज्येष्ठता कायम हुने गरी देहाय बमोजिमको पदमा तहबृद्धि गरिएको छ ।

तहबृद्धि हुनु भएकोमा बधाई छ ।

| हालको विवरण | तहबृद्धि भएको विवरण |
|---|---|
| पद-<br>तह-<br>सेवा-<br>समूह-<br>कार्यालय- | पद -<br>तह-<br>सेवा-<br>समूह -<br>कार्यालय- |

श्री ......................................

संकेत नं..................................

**(प्रमुख प्रशासकीय अधिकृत)**

**<u>वोधार्थः</u>**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर, नेपाल ।

श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर, नेपाल ।

श्री प्रदेश कितावखाना, कोशी प्रदेश, विराटनगर, नेपाल ।

श्री कर्मचारी सञ्चयकोष, विराटनगर।

श्री नागरिक लगानी कोष, विराटनगर ।

श्री आर्थिक प्रशासन शाखा, पाँचखपन नगरपालिका, संखुवासभा ।

आज्ञाले,

गणेशमान सिं राई

प्रमुख प्रशासकीय अधिकृत